# राशन, ईन्धन र परिवहन महाशाखा

# जंगी अड्डा, काठमाण्डौंको

# साधारण राशन/विरामी डाईट/दानाघाँस/डग राशन आपूर्ति सम्बन्धी

# सिलबन्दी वा विद्युतिय बोलपत्र (E-Bidding) आव्हानको

# सूचना नं. १

## (प्रथम पटक प्रकाशित मिति २०७२/०६/२८ गते)

१. नेपाली सेनाको सम्पुर्ण युनिटहरुको लागि २०७२ साल माघ १ गतेदेखी २०७३ साल पौष मसान्ततक् वर्ष १ (एक) को निमित्त आवश्यक पर्ने साधारण राशन, वीरेन्द्र अस्पताल, फिल्ड अस्पताल, सैनिक पुनर्स्थापना केन्द्र र विभिन्न फि.ए.हरुमा उपचारार्थ वेड भर्ना हुने बिरामीहरुको लागि आवश्यक पर्ने विरामी डाईट तथा विभिन्न युनिटहरुमा रहेका पशुहरुको लागि आवश्यक पर्ने दानाघाँस र डग राशनको जिल्लागत रुपमा बोलपत्रको माध्यमद्धारा ठेक्का बन्दोवस्त गराउन जिम्मेवारी तोकिएका देहाय बमोजिमका युनिटहरुको बार्षिक ठेक्का बन्दोवस्त गराउनु पर्ने भएको हुँदा तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रही देहायमा उल्लेखित प्रमाणपत्र तथा कागजातहरु सहित सिलवन्दी वा विद्युतिय बोलपत्र (**E-Bidding**) पेश गरि उक्त ठेक्का लिन ईच्छुक व्यक्ति/फर्म/संस्था वा कम्पनीहरुको लागि यो बोलपत्र आव्हानको सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

तपशिल

(क) सिलबन्दी बोलपत्र वा विद्युतिय बोलपत्र (E-Bidding) मध्ये कुनै एक माध्यमबाट बोलपत्र पेश गर्न सकिने सार्वजनिक निकाय (युनिट) र स्थान

(१) श्री पूर्वी पृतना हे.क्वा., ईटहरी व्यारेक, सुनसरी (२) श्री मध्य पृतना हे.क्वा, सुपारेटार व्यारेक, मकवानपुर (३) श्री उपत्यका पृतना हे.क्वा., नारायणहिटी, काठमाण्डौ (४) श्री पश्चिम पृतना हे.क्वा., बिजयपुर व्यारेक, कास्की (५) श्री मध्य पश्चिम पृतना हे.क्वा., निमारे व्यारेक, सुर्खेत (६) श्री सुदुर पश्चिम पृतना हे.क्वा., राजपुर व्यारेक, डोटी (७) श्री नं.२ बाहिनी अड्डा, हिले व्यारेक, धनकुटा (८) श्री नं.३ बाहिनी अड्डा, खैरेनीटार व्यारेक, तनहुँ (९) श्री नं.४ बाहिनी अड्डा, ईमामनगर व्यारेक, नेपालगञ्ज बाँके (१०) श्री नं.५ बाहिनी अड्डा, तेघरी व्यारेक, कैलाली (११) श्री नं.६ बाहिनी अड्डा, बैरेनी व्यारेक, धादिङ (१२) श्री नं.९ बाहिनी अड्डा, सिन्धुलीमाडी व्यारेक, सिन्धुली (१३) श्री नं.१८ बाहिनी अड्डा, गाईघाट व्यारेक, उदयपुर (१४) श्री नं.१९ बाहनी अड्डा, तुल्सीपुर व्यारेक, दाङ (१५) श्री नं.२१ बाहिनी अड्डा, तोपगाछी व्यारेक, झापा (१६) श्री नं.२२ बाहिनी अड्डा, रामनगर व्यारेक, रुपन्देही (१७) श्री नं.२३ बाहिनी अड्डा, बाग्लुङ व्यारेक, बाग्लुङ (१८) श्री नं.२४ बाहिनी अड्डा, देवलडाँडा व्यारेक, जुम्ला (१९) श्री नं.२५ बाहिनी अड्डा, महेन्द्रनगर व्यारेक, कञ्चनपुर (२०) श्री नं.२६ बाहिनी अड्डा, भकुण्डेवेशी व्यारेक, काभ्रेपलाञ्चोक (२१) श्री आर्टिलरी निर्देशनालय, लगनखेल व्यारेक, ललितपुर (२२) श्री अर्जुनबाण गण, थलाहा व्यारेक, मोरङ (२३) श्री नयाँ गोरख गण, सिरहा व्यारेक, सिरहा (२४) श्री कृष्णदल गण, राजविराज व्यारेक, सप्तरी (२५) श्री कालीध्वज गण, गढिथुम्का व्यारेक, ईलाम (२६) श्री रणबम गण, भोजपुर व्यारेक, भोजपुर (२७) श्री विष्णुदल गण, ओदिनडाँडा व्यारेक, पाँचथर (२८) श्री शम्शेरदल गण, ओखलढुङ्गा व्यारेक, ओखलढुङ्गा (२९) श्री शेर गण, दिक्तेल व्यारेक, खोटाङ (३०) श्री दि फेमश महिन्द्रदल गण, भरतपुर व्यारेक, चितवन (३१) श्री बरख गण, विरगञ्ज व्यारेक, पर्शा (३२) श्री श्रीनाथ गण, देवीघाट व्यारेक, नुवाकोट (३३) श्री रीपूमर्दन गण, नवलपुर व्यारेक, सर्लाही (३४) श्री फष्ट रैफल गण, प्रकौली व्यारेक, महोत्तरी (३५) श्री गोरखनाथ गण, महेन्द्रनगर व्यारेक, धनुषा (३६) श्री नन्दाबक्स गण, रामेछाप व्यारेक, रामेछाप (३७) श्री रणभीम गण, चरिकोट व्यारेक, दोलखा (३८) श्री नारायणदल गण, धुन्चे व्यारेक, रसुवा (३९) श्री पशुपति प्रसाद गण, वेशीशहर व्यारेक, लमजुङ (४०) श्री भैरवीदल गण, नाम्जालीडाँडा व्यारेक, गोरखा (४१) श्री चन्दननाथ गण, सन्धीखर्क व्यारेक, अर्घाखाँची (४२) श्री

कालीजंग गण, गोरसिंहिया व्यारेक, कपिलबस्तु (४३) श्री चण्डी प्रसाद गण, नागपोखरी व्यारेक, पाल्पा (४४) श्री बज्रदल गण, परासी व्यारेक, नवलपरासी (४५) श्री ईन्द्रबक्स गण, वेनी व्यारेक, म्याग्दी (४६) श्री भीमदल गण, जोमसोम व्यारेक, मुस्ताङ (४७) श्री रणशार्दुल गण, ठाकुरद्धारा व्यारेक, बर्दिया (४८) श्री गोरखबक्स गण, खलंगा व्यारेक, प्युठान (४९) श्री भैरव प्रसाद गण, खलंगा व्यारेक, सल्यान (५०) श्री वीरदल गण, खलंगा व्यारेक, जाजरकोट (५१) श्री देवीदत्त गण, लिवाङ व्यारेक, रोल्पा (५२) श्री देवीदल गण, मुसिकोट व्यारेक, रुकुम (५३) श्री दुर्गाबक्स गण, मंगलसेन व्यारेक, अछाम (५४) श्री गोरख बहादुर गण, चौतारा व्यारेक, सिन्धुपाल्चोक (५५) श्री ज्वालादल गण, सूर्यविनायक व्यारेक, भक्तपुर (५६) श्री गरुडदल गण, डडेल्धुरा व्यारेक, डडेल्धुरा (५७) श्री ईन्द्रदल गुल्म, म्याङलुङ व्यारेक, तेह्रथुम (५८) श्री श्रीदल गुल्म, खाँदवारी व्यारेक, संखुवासभा (५९) श्री नयाँ रणभीम गुल्म, ताप्लेजुङ व्यारेक, ताप्लेजुङ (६०) श्री अमरदल गुल्म, सल्लेरी व्यारेक, सोलुखुम्बु (६१) श्री शम्शेर गुल्म, स्याङ्जा व्यारेक, स्याङ्जा (६२) श्री गुरु गोरख गुल्म, धागीथुम व्यारेक, गुल्मी (६३) श्री केवलजंग गुल्म, चामे व्यारेक, मनाङ (६४) श्री रणदल गुल्म, कुस्मा व्यारेक, पर्वत (६५) श्री श्रीबक्स गुल्म, गौर व्यारेक, रौटहट (६६) श्री समरजित गुल्म, कलैया व्यारेक, बारा (६७) श्री शमरशुर गुल्म, काडाँचौर व्यारेक, दैलेख (६८) संग्राम शार्दुल गुल्म, मान्मा व्यारेक, कालीकोट (६९) श्री सिंहशार्दुल गुल्म, रानीवन व्यारेक, हुम्ला (७०) श्री कालीदत्त गुल्म, शुलीगार्ड व्यारेक, डोल्पा (७१) श्री दुर्गाभञ्जन गुल्म, हुटु व्यारेक, मुगु (७२) श्री देवीबक्स गुल्म, मार्तडी व्यारेक, बाजुरा (७३) श्री शत्रुमर्दन गुल्म, पानकोट व्यारेक, बझाङ (७४) श्री शत्रुभञ्जन गुल्म, खलंगा व्यारेक, दार्चुला (७५) श्री रणशुर गुल्म, गढी व्यारेक, बैतडी (७६) श्री वीरेन्द्र अस्पताल (विरामी डाईट तर्फ), छाउनी काठमाण्डौं (७७) श्री भैरव वाहन गुल्म (डग राशन तर्फ), सानोठिमी व्यारेक, भक्तपुर

(ख) आपूर्ती गर्नु पर्ने (साधारण राशन, बिरामी डाइट, दानाघाँस र डग राशन) सामग्रीको बार्षिक परिमाण, किसिम, गुणस्तर र स्केल, बोलपत्र सम्बन्धि दस्तुर, पालना गर्नुपर्ने शर्तहरु, स्वीकृत आपूर्तीकर्तासंग खरिद सम्झौता भएपछि उपलब्ध हुने अग्रिम पेश्की, मासिक भुक्तानी गर्दा कट्टा एवं थप गरिने कर तथा धरौटी रकम सम्बन्धि विवरणहरु सम्बन्धित ठेक्का बन्दोबस्त गराउने जिम्मेवारी तोकिएका सार्वजनिक निकायहरु (युनिट) को बोलपत्र सम्बन्धी कागजातमा स्पष्ट रुपमा उल्लेख गरिएको छ ।

(ग) बोलपत्र खरिदकर्ताले लिखित निवेदन पेश गरी तोकिएको दस्तुर तिरी बोलपत्र खरिद गर्न सकिनेछ । E-Bidder हरुले आफुले Bid गर्न चाहेको युनिटबाट बोलपत्र सम्बन्धि कागजातमा उल्लेख गरेको राजश्व खाता नं. मा तोकिएको दस्तुर दाखिला गरेको भौचर Upload गर्नु पर्नेछ ।

(घ) <u>बोलपत्रदाताहरुले बोलपत्र पेश गर्दा बोलपत्रसाथ अनिवार्य रुपमा संलग्न गर्नु पर्ने राशन (साधारण/बिरामी डाईट/दानाघाँस/डग राशन) नमूना तथा कागजातहरुः</u>

(१) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि ।

(२) मुल्य अभिबृद्धि कर दर्ता प्रमाण-पत्र (भ्याट) र स्थायी लेखा नम्वर (प्यान) दर्ता प्रमाण-पत्रको प्रतिलिपि ।

(३) फर्म/संस्था वा कम्पनी दर्ता प्रमाण-पत्रको प्रतिलिपि ।

(४) व्यवसाय दर्ताको इजाजत पत्रः फर्म, संस्था वा कम्पनी दर्ता हुदां उदेश्यमा राशन आपूर्ती गर्ने उल्लेख भएको भए सो प्रमाण-पत्रको प्रतिलिपि वा राशन आपूर्तिको छुट्टै ईजाजत पत्र प्राप्त गरेको भए उक्त ईजाजत पत्रको प्रतिलिपि वा अन्य व्यवसायमा दर्ता भएको भए बाणिज्य विभाग, कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग विभाग वा घरेलु तथा साना उद्योग कार्यालय मध्ये कुनै एक

निकायबाट जारी भएको राशन आपूर्तिको ईजाजत (अनुमति) पत्रको प्रतिलिपि (नविकरण गर्नु पर्ने स्थिति र अवस्थाको भए नविकरण सहितको) ।

(५) आ.ब.०७१/७२ को आषाढ मसान्तसम्मको आन्तरिक राजश्व विभागबाट प्राप्त कर चुक्ता गरेको प्रमाण-पत्र वा कर विवरण पेश गरेको कागजात वा कर विवरण पेश गर्ने म्याद थप गरेको पत्रको प्रतिलिपि ।

(६) बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धि कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणा-पत्र ।

(७) संयुक्त रुपमा काम गर्न चाहने बोलपत्रदाताले संयुक्त उपक्रम सम्बन्धि कागजात बनाई पेश गर्नु पर्नेछ । संयुक्त उपक्रममा काम गर्ने बोलपत्रदाताले सार्वजनिक खरिद नियमावली २०६४ को नियम २८ को उपनियम (१), (२), (६) र (७) मा तोकिएको शर्त तथा दायीत्व बहन गर्नु पर्ने हुदाँ एक संयुक्त उपक्रम बनाई पेश गर्नु पर्नेछ । उक्त उपक्रममा साझेदारहरुको संख्या अधिकतम ३ हुनेछ र मुख्य साझेदारको हिस्सा न्युनतम ४० प्रतिशत तथा दुई साझेदारहरु प्रत्येकको हिस्सा न्युनतम २५ प्रतिशत हुनु पर्नेछ । साथै संयुक्त रुपमा बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले बोलपत्र जमानत संयुक्त उपक्रमका सवै साझेदारहरुको नाममा हुनु पर्नेछ र संयुक्त रुपमै बोलपत्र खरिद गर्नु पर्नेछ ।

(८) बोलपत्रदाताले सम्बन्धित ठेक्का बन्दोबस्त गराउने सार्वजनिक निकाय (युनिट) ले बोलपत्रमा उल्लेख गरेको बोलपत्र जमानत बापतको रकम नगदै वा सो रकम सम्बन्धित ठेक्का बन्दोबस्त गर्ने युनिटले उल्लेख गरेको बैंकमा खोलेको धरौटी खातामा जम्मा गरेको सक्कलै भौचर वा सो रकम बरावरको बाणिज्य बैंक (नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त "क" बर्गको बैंक) ले सम्बन्धित ठेक्का गर्ने सार्वजनिक निकाय (युनिट) को नाममा जारी गरेको बैंक जमानत पेश गर्नु पर्नेछ ।

(९) बोलपत्र जमानतको मान्य अवधि १० करोड रुपैयांसम्मको लागत अनुमान भएको ठेक्काको लागि बोलपत्र दाखिला गर्न तोकिएको अन्तिम मितीबाट १२० दिनको र १० करोड रुपैंया भन्दा जतिसुकै बढी लागत अनुमान भएको ठेक्काको लागि १५० दिन म्याद भएको पेश गर्नु पर्नेछ ।

(१०) बोलपत्रदाताले सार्वजनिक खरिद नियमावली २०६४ को नियम २९ बमोजिम बोलपत्रमा उल्लेख भएनुसारको नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त "क" बर्गको बाणिज्य बैंकबाट सम्बन्धित युनिटको नाममा जारी भएको कबोलदरको आधारमा हुन आउने कुल ठेक्का रकमको २५ प्रतिशतले हुने रकमको आर्थिक क्षमता (श्रोत) खुलेको प्रमाण (Line Of Credit) को सक्कलै कागजात पेश गर्नु पर्नेछ ।

(११) बोलपत्रदाताले बोलपत्रसाथ नमुनाको रुपमा पेश गर्नु पर्ने भनि उल्लेख भएनुसारको राशन (साधारण राशन/बिरामी डाईट/दानाघाँस/डग राशन) को प्रत्येक आईटमको नमुना छुट्टा छुट्टै र बोलपत्रमा तोकिएको परिमाणमा नघटाई सिलबन्दी गरि बोलपत्रसाथ अनिवार्य रुपमा संलग्न गरि पेश गर्नु पर्नेछ ।

(१२) बोलपत्रदाताले बोलपत्रसाथ पेश गर्नु पर्ने राशन (साधारण राशन/बिरामी डाईट/दानाघाँस/डग राशन) को नमुना मध्ये तपशिलमा उल्लेखित राशन सामग्रीहरुको सूचनाको अवधी भित्र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, बबरमहल वा त्यसका विभिन्न क्षेत्रिय कार्यालयहरुबाट अनिवार्य रुपमा गुणस्तर परिक्षण गराई परिक्षण गराएको प्रत्येक खाद्य बस्तुको व्याच नं. र उत्पादन मिति खुलेको परिक्षण प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(अ) साधारण राशन तर्फः १. तोरीको तेल २. स्वीटेण्ड कण्डेन्स्ड मिल्क

(आ) बिरामी डाईट तर्फः १. सूर्यमुखी तेल

(इ) डग राशन तर्फः १. डग बिस्कुट २. मिनरल मिक्सचर

डग बिस्कुटको हकमा पशु सेवा विभाग, पशु स्वास्थ्य निर्देशनालय, लाईभस्टक गुण व्यवस्थापन कार्यालयबाट गुणस्तर परिक्षण गराई सो को परिक्षण प्रतिवेदन र मिनरल मिक्सचरको हकमा आधिकारीक सम्बन्धित चिकित्सकबाट उपभोग योग्य भएको भन्ने सक्कलै सिफारिस पत्र पेश गर्नु पर्नेछ ।

(ङ) बोलपत्रदाताहरुले पालना गर्नुपर्ने शर्तहरुः

(१) सम्वन्धित व्यक्ति/फर्म/संस्था वा कम्पनी आफैले खरिद गरेको बोलपत्र सम्बन्धि कागजात पूर्ण रुपमा भरी पेश गर्नु पर्नेछ ।

(२) बोलपत्रदाताले बोलपत्र फाराममा दर कबुल गर्दा प्रत्येक आईटमको मुल्य अभिबृद्धि कर बाहेकको एकाई अनुसारको प्रति के.जी./लिटर/गोटा/पुरीयाको दर अंक र अक्षरमा प्रष्ट र केरमेट नगरि उल्लेख गर्नु पर्नेछ ।

(३) स्वीकृत बोलपत्रदाताले खरिद सम्झौता भएपछि सम्झौता बमोजिम २०७२ माघ १ गतेबाट कार्य प्रारम्भ गरि २०७३ पौष मसान्तसम्ममा कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

(च) सिलबन्दी बोलपत्र पेश गर्ने बोलपत्रदाताहरुले ध्यान दिनु पर्ने कुराहरुः

(१) बोलपत्र फारामहरु सम्बन्धित ठेक्का बन्दोबस्त गराउने जिम्मेवारी तोकिएको स्थानिय सार्वजनिक निकाय (युनिट) हरुको मुख्य प्रवेशद्वार (मुलगेट), स्थानीय जिल्ला प्रशासन कार्यालय र स्थानीय कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट समेत सूचना प्रकाशित भएको मितिदेखि बोलपत्र खोलुवा गर्न तोकिएको मितिको अघिल्लो दिनको कार्यालय समयसम्म (विदाको दिन बाहेक) बोलपत्रको दस्तुर (पछि फिर्ता नहुने गरि) तिरी खरिद गर्न सकिनेछ ।

(२) कुनै बोलपत्रदाताले तोकिए बमोजिमको बोलपत्र दस्तुर र लाग्ने हुलाक वा कुरियर महशुल तिरी बोलपत्र सम्बन्धि कागजात पठाई दिन लिखत रुपमा माग गरेमा हुलाक वा कुरियर मार्फत बोलपत्र सम्बन्धि कागजात पठाईनेछ, तर सो कागजात सम्बन्धितले समयमानै प्राप्त गर्न नसकेमा सो को लागि सम्बन्धित ठेक्का बन्दोबस्त गर्ने सार्वजनिक निकाय (युनिट) जवाफदेही हुने छैन ।

(३) कुनै बोलपत्रदातालाई बोलपत्र खरिद गर्न वा दाखिला गर्नको लागि सुरक्षाको आवश्यक परेमा सार्वजनिक खरिद ऐन २०६३ को दफा १४ को उपदफा (७) बमोजिम त्यस्तो सुरक्षाको व्यवस्था सम्बन्धित जिल्ला प्रशासन कार्यालयसंग माग गर्न सकिनेछ ।

(४) खरिद भएका बोलपत्रहरु सूचना प्रकाशित भएको मितिदेखि बोलपत्र खोलुवा हुने दिन अर्थात मिति २०७२/०८/०३ गतेको १२०० बजेसम्म विदाको दिन बाहेक कार्यालय खुलेको जुनसुकै दिन सम्बन्धित ठेक्का बन्दोबस्त गराउने जिम्मेवारी तोकिएको सार्वजनिक निकायको कार्यालयमा मात्र दर्ता गरि सक्नु पर्नेछ । बोलपत्र दर्ता गर्ने कार्य सर्व सुलभ र बोलपत्रदाताको सरल पहुँचको लागि ठेक्का बन्दोबस्त गर्ने जिम्मेवारी तोकिएको सम्बन्धित सार्वजनिक निकाय (युनिट) को मुख्य प्रवेशद्धार (मुलगेट) बाटै हुनेछ ।

(५) दर्ता भएका बोलपत्रहरु मिति २०७२/०८/०३ गतेको १३०० बजे सम्बन्धित ठेक्का बन्दोबस्त गर्ने सार्वजनिक निकायमा बोलपत्र खोल्ने कार्यको लागि उपस्थित प्रतिनिधि, बोलपत्रदाता वा नीजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ, तर बोलपत्र खोल्ने समयमा बोलपत्रदाता वा नीजको प्रतिनिधि उपस्थित नभएतापनि बोलपत्र खोल्न बाधा पुग्ने छैन । बोलपत्र दर्ता गर्ने अन्तिम दिन वा खोल्ने

दिन कुनै सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको दिनमा माथी उल्लेखित सम्बन्धित ठेक्का बन्दोवस्त गर्ने युनिट र समयमा बोलपत्र खोलिनेछ ।

(६) यो ठेक्का नेपाली नागरिकलाई मात्र प्रदान गरिनेछ र ठेक्का अवधी भर मुल्य बृद्धि दिईने छैन ।

(७) स्वीकृत राशन आपूर्तिकर्ताले नमुना बमोजिमको राशन खुवाउन नसकेमा वा तोकिएको सम्बन्धित युनिट र पोष्टहरुमा राशन आपूर्ति गर्न नसकी राशन खुवाउने कार्यमा वाधा व्यवधान गरेमा सो उपर प्रचलित सार्वजनिक खरिद ऐन र नियम तथा ठेक्का सम्झौताका शर्त बमोजिम कारवाही चलाई ठेक्का तोड्न सकिनेछ । साथै, त्यस्ता आपूर्तिकर्ता विरुद्ध ऐन र नियम बमोजिम कानुनी कारवाही हुनेछ ।

(८) कार्यालयमा दाखिला भएको बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार नियमानुसार अधिकार प्राप्त अधिकारीमा पूर्ण रुपमा सुरक्षित रहनेछ ।

(९) खाली खाम, बैंक जमानत संलग्न नभएको, बोलपत्र नै नभरेको वा दर कबुल नगरी खाली बोलपत्र पेश गर्ने बोलपत्रदातालाई कालो सूचीमा राख्न सिफारिस गरिनेछ ।

(१०) <u>बोलपत्र मान्य हुने अवधीः</u> बोलपत्र पेश गर्न तोकिएको अन्तिम मितिबाट दश करोड रुपैंया सम्म लागत अनुमान भएको बोलपत्रको ९० दिन र दश करोड रुपैंया भन्दा बढी लागत अनुमान रकमको १२० दिन कायम रहनेछ ।

(११) सार्वजनिक खरिद ऐन २०६३ को दफा २४ बमोजिम रीत नपुगेको बोलपत्र उपर कारवाही गरिने छैन ।

(१२) बोलपत्रदातालाई बोलपत्र सम्बन्धि कागजात वा अन्य यस्तै कुरा सम्बन्धि थप जानकारी गराउन ठेक्का बन्दोबस्त गराउने प्रत्येक सार्वजनिक निकाय (युनिट) हरुबाट मिति २०७२/०७/२३ गतेको १३०० बजे बोलपत्र पेश गर्नु पूर्वको बैठकको आयोजना हुने भएकोले बोलपत्रदाताहरुले उक्त बैठकमा उपस्थित भई राशन खरिद सम्बन्धि प्रश्न वा जिज्ञाशा राख्न सक्नेछन् ।

(१३) बैंक वा वित्तिय संस्थाको ऋण नतिरि वा अन्य कुनै कारणबाट प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकायले कालो सूचीमा राखेको व्यक्ति, फर्म, संस्था वा कम्पनीले त्यस्तो सूचीमा कायम रहेको अवधिभर यस सार्वजनिक खरिद कारवाहीमा भाग लिन सक्ने छैन ।

(१४) आपूर्तीकर्ता (ठेकेदार) ले तोरीको तेल, चिनी, नुन, चियापत्ती, कण्डेन्स्ड मिल्क लगायतका विभिन्न राशन सामग्रीहरु नेपाल सरकारबाट ईजाजत प्राप्त उद्योग वा कम्पनीबाट उत्पादित वा विदेशबाट आयात गरि आपूर्ति गर्न सक्नेछन् । तर त्यस्ता राशन सामग्रीहरु बोलपत्रमा उल्लेख गरिएका स्पेशिफिकेशनमा उल्लेख भए अनुसारको मापदण्ड अनुरुपको भए/नभएको एकिन गर्नको लागि आवश्यकता अनुसार खरिदकर्ताले परिक्षण गराउन सक्नेछ ।

(१५) यस सूचनालाई नेपाली सेनाको Web Site **<u>www.nepalarmy.mil.np</u>** र सार्वजनिक खरिद अनुगमन कार्यालयको Web Site **<u>www.ppmo.gov.np</u>** मा समेत राखिएको छ । साथै छनौट भएको बोलपत्रदातालाई ठेक्का स्वीकृत गर्ने आशय र अन्य बोलपत्रदातालाई छनौट भएका बोलपत्रदाताको नाम, ठेगाना र रकमको जानकारी नेपाली सेनाको उक्त Web Site तथा e-mail बाट समेत जानकारी गराईने छ ।

(छ) <u>विद्युतिय बोलपत्र (E-Bidding) प्रयोग गर्ने बोलपत्रदाताहरुले ध्यान दिनु पर्ने कुराहरु</u>

(१) विद्युतिय बोलपत्र (E-Bidding) प्रणाली अवलम्बन गर्ने E-Bidder हरुले आफुले Bid गर्न चाहेको सम्बन्धित युनिटको सूचना तथा बोलपत्र सम्बन्धि कागजात website **eproc.nepalarmy.mil.np** मा गई Sign up गरि आफ्नो User Name र Password Create गरि Download गर्न सकिनेछ ।

(२) E-Bidder हरुले सूचना र बोलपत्र सम्बन्धि कागजातमा उल्लेखित प्रकृया र शर्तहरुको परिधि भित्र रहि Bid गर्नु पर्नेछ ।

(३) विद्युतिय बोलपत्र E-Bidding मार्फत सहभागी हुने बोलपत्रदाताहरुले बोलपत्र दाखिला गर्न तोकिएको अन्तिम मितिको १२०० बजेसम्ममा माग अनुसारको प्रत्येक आईटमको नमुना ठेक्का बन्दोवस्त गर्ने सम्बन्धित युनिटमा पेश गरि सक्नु पर्नेछ । तोकिएको अवधीभित्र नमुना पेश नगरि E-Bidding मार्फत Document मात्र Submission गरिएको बोलपत्र स्वतः रद्द गरिनेछ ।

(४) E-Submission गर्न चाहने Bidder हरुलाई Download, Upload र Submission सम्बन्धि अन्य प्रकृयाबारे बोलपत्रमा उल्लेख गरिएको छ ।

(५) E-Bidding मा सहभागी हुने Bidder हरुले सो सम्बन्धि अन्य थप जानकारी लिन चाहेमा समयमै ठेक्का बन्दोबस्त गर्ने सम्बन्धित युनिट (व्यारेक) मा आफै उपस्थित भई वा फोन मार्फत सम्पर्क राख्न सूचित गरिन्छ ।

२. एउटै ठेक्कामा एकै बोलपत्रदाताले शिलवन्दी बोलपत्र वा विद्युतिय बोलपत्र (E-Bidding) प्रणाली मध्ये कुनै एक माध्यमबाट मात्र बोलपत्र पेश गर्न सक्नेछ । एउटै ठेक्कामा दुवै प्रणाली प्रयोग गरि बोलपत्र पेश गरेमा त्यस्तो बोलपत्र स्वतः रद्द हुनेछ ।

३. बोलपत्रदाताहरुले अनिवार्य रुपमा पालना गर्नु पर्ने शर्त, संलग्न गर्नु पर्ने प्रमाण-पत्र एवं कागजातहरुको सम्बन्धमा यस सूचना र यसै सूचनासंग सम्बन्धित बोलपत्र सम्बन्धि कागजातमा उल्लेख गरिएको सम्पूर्ण कुराहरुमा सोही बमोजिम र अन्य कुराका हकमा प्रचलित सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ (तेश्रो संशोधन २०६८ सहित) अनुसार हुनेछ ।